REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 10.03.2026

- Mukhyamantri Jan Sambadh Programme

मुख्यमन्त्री प्रेमसिंह तामाङले “कनेक्ट टु CM” प्लेटफर्मअन्तर्गत सम्मान भवनमा आज आयोजित मुख्यमन्त्री जन संवाद कार्यक्रमको अध्यक्षता गर्नुभयो। सरकार र नागरिकबीच प्रत्यक्ष संवाद सुदृढ गर्नु तथा विशेषगरी गरीबी रेखा मुनी र आर्थिक रूपमा कमजोर परिवारलाई सहयोग पुऱ्याउने उद्देश्य रहेको कार्यक्रममा राज्यभरिका चौंतीस खण्ड प्रशासनिक केन्द्रहरू भिडियो सम्मेलनमार्फत जोडिए।। मुख्यमन्त्रीद्वारा खण्ड विकास अधिकारी र लाभार्थीहरूसित प्रत्यक्ष संवाद गरिएको कार्यक्रममा डेस्मी BPL वर्ग र अन्य आर्थिक रूपमा कमजोर वर्गका लाभार्थीहरूलाई विभिन्न कल्याणकारी योजनाअन्तर्गत सहयोग प्रदान गरियो।

यसमा मुख्यमन्त्री चिकित्सा सहायता योजना, मुख्यमन्त्री विवेकाधीन अनुदान, स्वरोजगार सहायता योजना, सिक्किम गरीब आवास योजना, भूमिहीनलाई जमीन वितरण तथा शिक्षा सहायता योजना लगायतका सुविधाहरू समावेश छन्।

पारदर्शी र कडा प्रमाणीकरण प्रक्रियापछि छनोट गरिएका लाभार्थीहरूलाई मुख्यमन्त्री श्री तामाङले उनीहरूको आधिकारिक आदेश र सुविधा एक सप्ताहभित्र सम्बन्धित खण्ड प्रशासनिक केन्द्रमै उपलब्ध गराइने आश्वासन दिनुभयो।

BPL र आर्थिक रूपमा कमजोर वर्गलाई सहयोग गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै श्री तामाङले यस्ता कार्यक्रम प्रत्येक दुई महिनामा आयोजना गरिने जानकारी पनि दिनुभयो। चौध अक्टोबर २०२५-मा शुरू भएको “कनेक्ट टु CM” प्लेटफर्मले नागरिकलाई आफ्ना गुनासो र समस्या सिधै सरकारसमक्ष राख्ने अवसर प्रदान गर्दै आएको छ।

---------------------------------------X---------------------------------------

- <u>AHVS Conducts meeting</u>

सोरेङ जिल्ला प्रशासनिक केन्द्रमा हालै फैलिएको बर्ड फ्लूको अवस्थालाई ध्यानमा राख्दै पशुपालन तथा पशु चिकित्सा सेवा विभाग र केन्द्रिय टोलीको कुखुरा पालक किसान तथा मासु व्यवसायीहरूसित बैठक बस्यो।

आज बसेको बैठकमा अतिरिक्त निदेशक डाक्टर किशोर थापाले बर्ड फ्लूका लक्षण, कुखुरा फार्म र मासु पसलमा सरसफाइ तथा जैव-सुरक्षाको महत्त्वबारे जानकारी दिनुभयो। संयुक्त निदेशक डाकाटर कुन्जाङ भुटियाले कुखुरामा असामान्य बिरामी वा अचानक मृत्यु भएमा तत्काल सम्बन्धित निकायलाई जानकारी दिन आग्रह गर्नुभयो।

केन्द्रिय टोलीका विशेषज्ञहरूले एभियन इन्फ्लुएन्जा मानिसमा पनि सर्न सक्ने (जूनोटिक) रोग भएकाले बिरामी वा मरेका चरासँग प्रत्यक्ष सम्पर्क नगर्न र आवश्यक सुरक्षा उपाय अपनाउन सुझाउ दिए।

---------------------------------------X---------------------------------------

- <u>DC’s Meeting with political party</u>

सोरेङका जिल्ला निर्वाचन अधिकारी तथा जिल्लाधीश धिरज सुवेदीको अध्यक्षतामा आज राजनीतिक दलका प्रतिनिधिहरूसित मासिक समन्वय बैठक बस्यो। यहाँको जिल्ला प्रशासनिक केन्द्रमा बसेको बैठकमा निर्वाचन आयोगको निर्देशनअनुसार मतदाता नामावलीको विशेष सघन पुनरावलोकन अर्थात् Special Intensive Revision-को तयारीबारे छलफल भयो। बैठकमा श्री सुवेदीले आगामी सोरेङ नगर पञ्चायत निर्वाचनलाई ध्यानमा राख्दै आदर्श आचार संहिताको पालना गर्न सबैलाई आग्रह गर्नुभयो।

बैठकमा अतिरिक्त जिल्लाधीश DR विष्टले निर्वाचन प्रक्रियामा राजनीतिक दलका प्रतिनिधिहरूको भूमिका साथै निर्वाचन अधिकारी र सहायक निर्वाचन अधिकारीको जिम्मेवारीबारे जानकारी दिनुभयो। यस अवसरमा SKM, भाजपा र SDF-का प्रतिनिधिहरू उपस्थित थिए।

---------------------------------------X---------------------------------------

- <u>Programme on Road Safety</u>

पाकिमको रुरबन सामुदायिक परिसरमा आज पर्यटन क्षेत्रमा कार्यरत चालकहरूका लागि सडक सुरक्षा, पेशागत आचरण र स्थानीय जानकारीसम्बन्धी एक दिवसीय जनचेतना कार्यक्रम सम्पन्न भयो। सिक्किम INSPIRES-अन्तर्गत पाकिम जिल्लामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पाकिमका अतिरिक्त जिल्लाधीश (विकास) साङ्गे ग्याछो भोटियाले चालकहरू पर्यटकससितका पहिलो सम्पर्क बिन्दु हुने भएकाले राज्यका नियमहरूबारे जानकारी गराउनु महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले सडकमा फोहोर नफाल्ने र तोकिएका सरसफाइ स्थल प्रयोग गर्न पर्यटकलाई सचेत गराउन चालकहरूले भूमिका निभाउनुपर्ने उल्लेख गर्नुभयो।

यसैक्रममा डिपुटी क्षेत्रीय परिवहन अधिकारी DP शर्माले सडक सुरक्षा, ट्राफिक नियम, सवारी साधनको मर्मतसम्भार तथा दुर्घटनाको अवस्थामा चालकहरूको जिम्मेवारीबारे जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Sikkim INSPIRES Programme</u>

यसैक्रममा, पाकिम जिल्लाका व्यवसायी तथा दोकान मालिकहरूका लागि ठोस फोहोर व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम आज रूर्बन सामुदायिक परिसरमा सम्पन्न भयो। सिक्किम इन्स्पायर्स अन्तर्गत आयोजित कार्यक्रममा पाकिमका अतिरिक्त जिल्लाधीश (विकास) श्री भोटियाले फोहोर व्यवस्थापन र पर्यावरणीय सन्तुलनबीचको सम्बन्धको उल्लेख गर्दै प्लास्टिकको प्रयोग घटाउन र पर्यावरणमैत्री विकल्प अपनाउन सहभागीहरूलाई आग्रह गर्नुभयो।

---------------------------------------X---------------------------------------

- <u>Meghalaya Media visitsNathu La</u>

पत्र सूचना कार्यालय, गान्तोकको पहलमा मेघालयका पत्रकारहरूको एउटा प्रतिनिधिटोलीले आज नाथुलाको भ्रमण गऱ्यो। पत्रकार टोलीलाई वरिष्ठ अधिकारीहरूले स्वागत गर्दै नाथुलाको ऐतिहासिक महत्त्वबारे जानकारी गराए।

पत्र सूचना कार्यालयका अधिकारीहरू मानस प्रतिम शर्मा र गोपोजित दासको नेतृत्वमा रहेको भ्रमण टोलीले सप्ताहव्यापी भ्रमण आयोजना गरेकोमा PIB, गान्तोक र शिलाङप्रति आभार व्यक्त गरेको छ।

--------------------------------------X--------------------------------------

- <u>Workshop on Child Rights</u>

मंगनको जिल्ला प्रशासनिक केन्द्रमा आज बाल अधिकार तथा बालसम्बन्धी कानुनबारे जिल्ला स्तरीय एक दिवसीय कार्यशाला सम्पन्न भयो। मंगन जिल्लाको जिल्ला बाल सुरक्षा प्रभागद्वारा मिसन वात्सल्यअन्तर्गत महिला, बाल, ज्येष्ठ नागिक तथा दिव्याङ्गजन कल्याण विभागको पहलमा आयोजित कार्यशालामा मंगनका जिल्लाधीश अनन्त जैनले बाल-बालिकाको सुरक्षा र कल्याण सुनिश्चित गर्न सबैको सामूहिक जिम्मेवारी आवश्यक रहने बताउनुभयो।

--------------------------------------X--------------------------------------